नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर १० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 26 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९०

## खोप लिन गएका विद्यार्थीद्वारा अस्पतालमा ढुङ्गामुढा

प्रस, वीरगंज, ९ मङ्सिर/

कोभिड–१९ विरुद्धको फाइजर खोप लिन बिहीवार विद्यार्थीहरूको भीड एक्कासि बढेपछि नारायणी अस्पतालमा तनाव सिर्जना भएर अस्पतालले खोप बन्द गर्नुपरेको छ ।

कात्तिक २८ गतेदेखि अमेरिकी सहयोगमा आएको फाइजर खोप अस्पतालमा लगाउँदै आइएको थियो । नारायणी अस्पतालको लागि २४ सय खोप आएको तर यो अवधिमा दैनिक ८ देखि १३ जनाभन्दा बढीले खोप लगाएका थिएनन् । १२ वर्षमाथिका र १५ थरीका असाध्य रोगीहरूलाई सो खोप लगाउने लक्ष्य छ ।




मङ्सिर ७ गतेसम्म खोप अभियान निर्धारण गरिए पनि अस्पतालमा आधाभन्दा बढी खोप मौज्दात रहेको कारण समयावधि बढाइएको थियो ।

बिहीवार एक्कासि हजारभन्दा बढी विद्यार्थी खोप लिन आकस्मिक कक्षमा गएपछि त्यहाँ तनाव भएको हो । खोप लगाउन र रजिस्टर मेन्टेन गर्न ५/६ जना स्वास्थ्यकर्मी खटेका थिए । उनीहरूले एक्कासि बढेको भीडलाई खोप दिन ढिला भएपछि विद्यार्थीहरूले आकस्मिक कक्षमा ढुङ्गामुढा गरेका थिए ।



२५ जनाले खोप लगाएपछि उत्पन्न तनावलाई नियन्त्रणमा लिन अस्पतालले खोप लगाउन बन्द नै गर्नुपर्‍यो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानले विद्यार्थीहरू आकस्मिकरूपमा आएको र उनीहरूलाई खोप दिने कार्यमा ढिला भएपछि विद्यार्थीहरूले होहल्ला, ढुङ्गामुढा गरेको बताए ।

निर्धारित समयपछि मौज्दात खोप दिन सिद्धार्थ, कन्या र त्रिजुद्ध माविका विद्यार्थीहरूलाई दुई दिनको समयावधि दिइएको स्वास्थ्य कार्यालय, वीरगंजका खोप अधिकृत जयमोद ठाकुरले बताए । उनले एक्कासि भीड बढेपछि प्रहरी परिचालन गर्नुपरेको जानकारी गराएका छन् । प्रहरी परिचालनपछि पनि भीड नियन्त्रण नभएपछि खोप लगाउन नै बन्द गर्नुपरेको अस्पताल प्रशासनले जनाएको छ ।

## सडक बनेपछि खेतबाटै धान खरीद-बिक्री

प्रमोद यादव, पंचगावाँ, ९ मङ्सिर/

अगहनी धान खरीदका लागि व्यापारीहरू किसानहरूको खेतमैं पुग्न थालेका छन् ।

यसअघि सडक सञ्जालको राम्रो व्यवस्था नहुँदा धान कटानी भएर भित्र्याएपछि व्यापारीहरू किसानहरूको घर–घरमा पुगेर धान खरीद गर्थे तर यसपटक भने सडक सञ्जालको विस्तार भएकाले व्यापारीहरू किसानको खेतमैं पुगेर धान खरीद गरिरहेका छन् ।

अगहनी धानमा सोना मन्सुली ८० प्रतिशतभन्दा बढी उत्पादन भएको छ भने बाँकी अन्य धानहरू कतर्नी, बासमती उत्पादन भएको किसानहरूले बताएका छन् ।

सोना मन्सुली अहिले खेतमैं व्यापारीहरूले रु २३ सयदेखि २३ सय ५० प्रतिक्विन्टलमा खरीद गरिरहेका छन् । उनीहरूले किसानको खेतबाट धान खरीद गर्ने र नजीकको धानमण्डीमा बिक्री गर्ने गरेका छन् ।

प्रतिकिलो ५० पैसा मुनाफा लिएर व्यापारीहरूले धानमण्डीमा बिक्री गर्ने गरेको बताइन्छ । एकजना किसानले यसपटक धानखेती बढी भएको बताए । प्रतिकट्ठा धान एक क्विन्टल ६० किलोसम्म उत्पादन भएको ती किसानले बताए । समयमा पानी परेको र आकाशे पानीको भरमा सिंचाइ गर्ने किसानहरूको पनि धानखेती राम्रो भएको बताइएको छ ।


पटेर्वासुगौली गाउँपालिकामा खेतमैं पुरानो ढक–तराजुको प्रयोग गरी धान खरीद गर्दै व्यापारी । तस्वीरः प्रतीक

### पुरानै ढक/तराजुको प्रयोग

नापतौल कार्यालयले विद्युतीय तराजुबाट कारोबार गर्न सूचित गरे पनि पर्सा जिल्लामा यस वर्ष पनि पुरानै ढक–तराजुबाट व्यापारीहरूले धान खरीद गरेका छन् । किसानहरूले व्यापारीले ल्याएको तराजुको प्रयोग गरी धान बिक्री गरे ।

व्यापारीले ल्याएको ढक–तराजु पुरानो भएको र त्यसबाट किसानहरू ठगिदै आएको एकजना किसानले गुनासो गरे । उनले एकचोटी तराजु जोख्ने मानिस (हटेवे)ले साढे सात किलोसम्म धान तौल गर्ने र यसरी तौल गर्दा तीन क्विन्टल तौलमा किसानलाई २० किलो घाटा हुने गरेको बताइएको छ ।

## डा सुबोध गुप्ता नेपाल–युएई बिजनेस काउन्सिलका द्वितीय उपाध्यक्ष

प्रस, वीरगंज, ९ मङ्सिर/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा सुबोधकुमार गुप्ता नेपाल–युएई बिजनेस काउन्सिलको द्वितीय उपाध्यक्षमा चयन भएका छन् ।




काउन्सिलको निर्वाचन परिणाम घोषणा कार्यक्रममा एम्बेसी अफ द युएई, सिइओ क्लब ग्लोबल नेपाल तथा सेन्टर फर डिप्लोमेटिक डाइलगले डा गुप्ता बिजनेस काउन्सिलको द्वितीय उपाध्यक्ष चयन भएको घोषणा गरेका हुन् ।

नेपालका लागि संयुक्त अरब इमिरेट्सका राजदूत सईद हमदान अल नकबीले डा गुप्तालाई नेपाल युएई बिजनेस काउन्सिलको द्वितीय उपाध्यक्षको प्रमाणपत्र प्रदान गर्नुका साथै पद तथा गोपनीयताको शपथ गराएका थिए ।

अध्यक्ष डा गुप्ता यसअघि फ्रान्सका प्रतिष्ठित विश्वविद्यालयबाट दुबईमा मानार्थ डक्टरेट उपाधिबाट सम्मानित भइसकेका छन् ।

## लैङ्गिक हिंसाविरुद्ध १६ दिने अन्तर्राष्ट्रिय अभियान शुरू

प्रस, वीरगंज, ९ मङ्सिर/

लैङ्गिक हिंसाविरुद्ध १६ दिने अन्तर्राष्ट्रिय अभियान बिहीवारदेखि वीरगंजमा पनि शुरू भएको छ ।




वीरगंज महानगरपालिका तथा पर्सा जिल्लामा रहेका विभिन्न सरकारी, गैरसरकारी संस्थाको सहकार्यमा लैङ्गिक हिंसाविरुद्ध १६ दिने अन्तर्राष्ट्रिय अभियानको प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले उद्घाटन गरेका थिए । घण्टाघरबाट शुरू भएको र्‍याली सोही ठाउँमा पुगेर समापन भएको थियो ।

प्रजिअ ढकालले अभियान सफल बनाउन सबैलाई आग्रह गर्दै यो अभियानलाई जिल्लाको ग्रामीण क्षेत्रमा समेत विस्तार गर्न सुझाव दिए । उनले अभियान सफलताको लागि आफ्नोतर्फबाट सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे । अधिवक्ता बृजकिशोर पटेलले लैङ्गिक हिंसाविरुद्धको जनचेतना शिक्षित वर्गमा पुऱ्याउन आवश्यक भएको बताए ।

दिव्य युवा क्लबका कार्यकारी निर्देशक रामाकान्तप्रसाद कुर्मीले १६ दिन होइन, ३६५ दिन नै लैङ्गिक हिंसाविरुद्ध अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिए । उनले लैङ्गिक हिंसाविरुद्ध आवाज उठाउनेलाई संस्थाले प्राथमिकतामा राख्दै आएको जानकारी गराए । प्रत्येक वर्ष नोभेम्बर २१ देखि यो अभियान शुरू हुन्छ र डिसेम्बर १० तारिखका दिन समाप्त हुन्छ ।

कार्यक्रममा उपप्रमुख शान्ति कार्की, वीरगंज महानगरका स्वास्थ्य संयोजक अरुण महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## बलात्कारको आरोपमा युवक पक्राउ

प्रस, वीरगंज, ९ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले बलात्कारको आरोपमा २१ वर्षीय युवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जीराभवानी गाउँपालिका–१ पिडारीगुठीका अब्दुल कादिर अन्सारी रहेका छन् । कादिरलाई बुधवार साँझ ८ बजे गाउँबाटै प्रहरीले नियन्त्रणमा लिएको हो ।

कादिरलाई प्रहरीले नियन्त्रणमा लिएपछि पर्सा जिल्ला अदालतबाट जबरजस्ती करणीको मुद्दामा सात दिन म्याद थप गराइ अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ ।

१५ वर्षीया बालिकालाई गत जेठ १० देखि असोज ६ गतेसम्म ललाइफकाइ पटक–पटक जबरजस्ती करणी गरी गर्भवती बनाएको पीडित पक्षले प्रहरीमा दिएको उजूरीको आधारमा अभियुक्त कादिरलाई प्रहरीले पक्राउ गरेको हो ।


अभियुक्त अब्दुल कादिर अन्सारी


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

जनगणनाबाट प्राप्त तथ्याङ्कले संविधानमा व्यवस्था भएका मौलिक हक अधिकार कार्यान्वयनको मूल्याङ्कन गर्न र लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्न मदत पुग्दछ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# अर्थ - उद्योग - वाणिज्य

## आन्तरिक पर्यटनद्वारा गरीबी कम पार्न सकिन्छ

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**राम्रो आय हुने वा धनीहरूलाई आन्तरिक पर्यटनमा बढी पैसा खर्च गर्न उत्प्रेरित गर्न सकिएको छैनस आन्तरिक पर्यटनलाई अति निर्धनहरूको हितमा प्रयोग गर्न सकिएको छैन । सडक वा फूटपाथे व्यापारीहरूको हितमा आन्तरिक पर्यटनलाई प्रयोग गर्न सकिएको छैन ।**

केही अपवादबाहेक, हरेक देशसँग अनेक स्रोत र साधन हुन्छ। अति गरीब राष्ट्रसँग पनि अनेक किसिमका स्रोत र साधन हुन्छ। राष्ट्रहरू आफ्ना देशभित्र उपलब्ध स्रोत र साधनको उपयोग गर्न नसकेर गरीब भएका हुन्छन्। उदाहरणका लागि अफगानिस्तानलाई नै लिन सकिन्छ। अफगानिस्तान स्रोत र साधनले भरिपूर्ण देश हो। अफगानिस्तानले आफ्नो देशभित्र उपलब्ध स्रोत र साधनहरूको उपयोग गर्न सकेको त छैन नै, उल्टो यो मुलुक चार दशकदेखि गृह युद्धमा भासिएको छ। गृहयुद्धको यस दलदलबाट बाहिर आउन सकेको छैन। अफगानिस्तान विभिन्न राष्ट्रहरूको शक्ति प्रदर्शन गर्ने स्थल बन्दै आएको छ। कुनै समय रूसले अफगानिस्तानमा एक किसिमले प्रत्यक्ष शासन गरेको थियो। त्यसपछि अमेरिका त्यस मुलुकभित्र प्रवेश गर्‍यो। युरोप अन्य विभिन्न मुलुक पनि अफगानिस्तानमा आफ्नो शक्ति प्रयोग गर्न पसे। अहिले पछिल्लो समयमा अफगानिस्तानको शासनको बागडोर त्यहाँकै राजनीतिक शक्ति, अति कट्टर धार्मिक नेताहरूको हातमा परेको छ। अहिले अफगानिस्तानमा कट्टर धार्मिक सङ्गठनका सदस्य, तालिबानीहरू शासन गरिरहेका छन्। अहिले अफगानिस्तानमा चरम गरीबी छ। मानिससँग सामान्य औषधी खरीद गर्न सक्ने क्षमता छैन। लाखौं अफगानी बेरोजगारी छन्। धेरै परिवार कैयौं दिनदेखि आधा पेट छन्। स्थिति यस्तै रहने हो भने आउने वर्षहरूमा अफगानिस्तानमा भोखमरीले लाखौं व्यक्तिको ज्यान लिनेछ। तर अफगानिस्तानलाई चरम गरीबीमा पुर्‍याउने त्यहींका नागरिक हुन्। अफगानिस्तानका कट्टर धार्मिक सङ्गठनहरूले यो मुलुकलाई राजनीतिक रूपमा स्थिर हुन दिएका छैनन्। उनीहरू बीचको निरन्तरको द्वन्द्वले राजनीतिक स्थिरता प्राप्त हुन सकेको छैन, साथै देश आर्थिकरूपमा टाट पल्टिने स्थतिमा पुगेको छ। अन्तर्राष्ट्रिय संस्थाहरूले तत्काल आर्थिक सहयोग नगर्ने हो भने अफगानिस्तानमा यो शताब्दीको नै ठूलो मानवीय सङ्कट देखा पर्न सक्छ। त्यो पनि तत्काल।

तर आर्थिक स्रोत र साधनले भने यो मुलुक सम्पन्न छ। कट्टर धार्मिक सङ्गठनहरूले एक आपसमा मेलमिलाप कायम गरेर यी साधनहरूको उपयोग गर्ने हो भने यो मुलुक दक्षिण एशियाका धनी राष्ट्रहरूमध्ये एक हुन सक्छ। कसरी? विश्व प्रसिद्ध बुद्धका मूर्तिहरू अफगानिस्तानमैं छन्। संसारभरिमा सबै भन्दा अग्ला बुद्धका मूर्तिहरू अफगानिस्तानमा छन्। अफगानिस्तानको राजधानी काबुलको उत्तरपूर्वमा रहेको बामियान उपत्यकास्थित बुद्धका मूर्तिहरू संसारभरिका बुद्धका मूर्तिहरूमध्ये अग्ला मूर्ति मानिन्छन्, अति ऐतिहासिक मानिन्छन्। काबुलभन्दा १३० किलोमिटर पर रहेका बुद्धका मूर्तिहरू १२५ देखि १८० फिट अग्ला छन्। यी मूर्तिहरूको निर्माण ईशापूर्व ६१८ देखि ५७० मा भएको मानिन्छ। अग्ला पहाडहरूलाई खोपेर बनाइएका बुद्धका मूर्तिहरू संसारकै सम्पत्ति हो। यी मूर्तिहरू अवलोकन गर्न संसारभरिका मानिसले वर्षौंदेखि सपना पालेका हुन्छन्।

अफगानिस्तानले बामियानस्थित बुद्धका मूर्तिहरूको व्यापक प्रचारप्रसार गरेर, पर्यटनबाट करोडौं डलर कमाउन सक्छ। देश र जनतालाई धनी पार्न सक्छ। तर भएको छ उल्टो। सन् २००१ मार्चमा तालिबानीहरूले बामियानस्थित बुद्धका मूर्तिहरूलाई बम पड्काएर ध्वस्त पारेका थिए। र त्यसरी ध्वस्त पार्ने आदेश तालिबानी नेता मुल्लाह मोहमद ओमारले दिएका थिए। त्यसरी ध्वस्त पार्ने कार्यको संसारभरिबाट विरोध भएपछि त्यसलाई सम्पूर्णरूपमा ध्वस्त पार्ने कार्य रोकिएको थियो। धार्मिक कट्टरपन्थी अफगानहरूले आफ्नो आर्थिक स्रोत आफैंले नष्ट पारेका थिए।

कुनै राष्ट्रले आफूसँग भएका स्रोत र साधन उपयोग नगरेर, अनावश्यक कलहमा संलग्न भएर कसरी आफैंलाई गरीब बनाउँछ र सहयोगका लागि दाताहरूको अगाडि हात पसार्छ भन्ने ज्वलन्त उदाहरणाको रूपमा अफगानिस्तान र त्यहाँका शासक (कट्टर धार्मिक सङ्गठन र ती सङ्गठनको पछि लाग्ने नागरिक) हरूलाई लिन सकिन्छ।

नेपालको स्थिति पनि अफगानिस्तानझैं हुने अनुमान गर्न थालिएको छ। २०४६ सालदेखि नै नेपालमा राजनीतिक स्थिरता आउन सकेको छैन। दलहरूबीच विद्यमान अनवरत कलहले जनतालाई निराशा मात्र होइन, देशलाई गरीबीको अँध्यारो खाडलतिर धकेलिरहेको छ। देशमा महँगी चुलिएको छ। नेताहरू स्वार्थ केन्द्रित भएका छन् भने तीनै स्वार्थी नेताहरूलाई विजयी बनाउन मतदाताहरूबीच प्रतिस्पर्धा छ। कस्तो अचम्म !

नेपालसँग स्रोत र साधनको कमी भने छैन। के के स्रोत र साधन छन् ती सबैको चर्चा आगामी लेखहरूमा गरौंला। यहाँ केवल पर्यटन क्षेत्रको कुरा गरौं। नेपालले आफ्नो पर्यटन क्षेत्रको राम्रो उपयोग गर्ने हो भने हाम्रो मुलुक एशियामा नै प्रतिव्यक्ति बढी आय हुने देश बन्न सक्छ। जनसङ्ख्या कम तर स्रोत र साधन धेरै र अनेक भएकाले नेपाल एशियाको धनी राष्ट्रमध्ये एक हुन सक्छ।

विश्वभरिका पर्यटकलाई आकर्षित गर्न सक्ने क्षमता भएका गन्तव्यहरू नेपालमा असङ्ख्य छन्। तीमध्ये केही यस प्रकार छन्–

१. पशुपतिनाथ मन्दिर एवं परिसर, २. सगरमाथा राष्ट्रिय पार्क, ३. नाम्चेबजार, ४. प्रचीन शहर पाटन, ५. भोटेकोशी क्षेत्र, ६. काठमाडौं दरबार, वसन्तपुर क्षेत्र, ७. फेवाताल, ८. भक्तपुर दरबार क्षेत्र, ९. चितवन राष्ट्रिय पार्क, १०. अन्नपूर्ण सेन्चुरी ट्रेक, ११. बुद्ध स्तूप, काठमाडौं, १२. सगरमाथा र सगरमाथा आधार शिविर, १३. लुम्बिनी, १४. जानकी मन्दिर, जनकपुर, १५. सिम्रौनगढ दरबार क्षेत्र, १६. देवघाट, १७. राराताल।

उपरोक्त पर्यटकीय गन्तव्यहरूको व्यवस्थित प्रयोग गरेर नेपालले करोडौं डलर आर्जन गर्न सक्छ। देशवासीलाई धनी बनाउन सक्छ। गरीबीको रेखामुनि रहेका नागरिकलाई त्यो रेखाबाट बाहिर ल्याउन सक्छ। तर देशमा मच्चिएको राजनीति अस्थिरताले नेपालको आर्थिक विकास तीव्र गतिमा हुन दिइरहेको छैन। हरेक समस्याको समाधान केवल बन्दूक र बारुदबाट देख्ने केही नेताहरूको करतुतले गर्दा आर्थिक प्रगतिको पथमा लम्केको नेपाल पश्चगमन गर्न बाध्य भएको छ। नेपालका केही नेताहरूलाई बारुद र बमको गन्ध मन पर्छ जस्तो छ। आफ्नो स्वार्थ सिद्धिका लागि ती नेताहरूले बारुद र बमको प्रयोग भरपूर गरेका छन्।

नेपालले उपयोग गर्न नसकेको अर्को आर्थिक स्रोत वा क्षेत्र आन्तरिक पर्यटन हो। आन्तरिक पर्यटनको, जुन भरपर्दो राष्ट्रिय आर्थिक स्रोत हो, प्रयोग गरेर नेपालले राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्न सक्छ। अर्थात् नेपालको आन्तरिक पर्यटनलाई राष्ट्रिय आय वितरण सन्तुलित पार्ने एक भरपर्दो माध्यमको रूपमा प्रयोग गर्न सकिन्छ।

आन्तरिक पर्यटन के हो र कसरी यसले राष्ट्रिय आय वितरणलाई सन्तुलित पार्छ ?

उदाहरणाका लागि, जनकपुरका व्यक्तिहरू पशुपतिनाथको दर्शन गर्न काठमाडौं पुग्नु र काठमाडौंका व्यक्तिहरू जानकी मन्दिरको दर्शन गर्न जनकपुर पुग्नु आन्तरिक पर्यटन हो। आन्तरिक पर्यटन केवल धार्मिक कारणले मात्र हुँदैन, विभिन्न कारणले हुने गर्छ। आन्तरिक पर्यटनलाई निम्न किसिमबाट विभाजन गर्न सकिन्छ। राजनीतिक पर्यटन, सामाजिक पर्यटन, सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, प्राकृतिक सौन्दर्य पर्यटन, ऐतिहासिक स्थल पर्यटन आदि, आदि।

नेपालमा प्रजातन्त्र बहाली गर्न गरिएको २००७ सालको आन्दोलनमा वीरगंजले ठूलो भूमिका निर्वाह गरेको थियो। प्रजातन्त्र सेनानी थीरबम मल्लको हत्या वीरगंजमा भएको थियो। प्रजातन्त्र सेनानी सन्त नेता कृष्णप्रसाद भट्टराईलाई पर्सा जिल्लाका मतदाताहरूले चुनावमा विजयी गराएर सम्मान दिएका थिए। यी घटनाहरूको आधारमा वीरगंजलाई एउटा राजनीतिक पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिन्छ। तर गर्न सकिएको छैन।

सिम्रौनगढलाई भव्य ऐतिहासिक पर्यटकीय स्थल बनाउन सकिन्छ। र यो पर्टकीय स्थलबाट लाखौं रुपैयाँ आर्जन गरेर स्थानीय गरीबी कम पार्न सकिन्छ।

नेपालका अनेक किसिमका, माथि उल्लेख गरिएका पर्यटकीय स्थलहरूको प्रयोग गरेर स्थानीय गरीबी कम पार्न सकिन्छ। राराताललाई अति लोकप्रिय प्राकृतिक पर्यटकीय स्थलको रूपमा विस्तार गरेर, प्रचारप्रसार गरेर, कर्णाली क्षेत्रमा व्याप्त गरीबी कम पार्न सकिन्छ। कर्णाली क्षेत्रमा गरीबी कहालिलाग्दो स्थितिमा छ।

आन्तरिक पर्यटनमा विस्तार हुँदा विभिन्न पर्यटकीय क्षेत्रका होटल, लज, पसल, सवारी साधन, तिनका चालकहरू आदि आदिले आय आर्जन गर्न सक्छन्। सडकमा व्यापार गर्ने व्यापारीहरूका लागि पनि आय आर्जन गर्ने अवसर सृजना हुन्छ। यसरी अति गरीबहरूले पनि, आन्तरिक पर्यटनको माध्यमबाट, आय आर्जन गर्ने मौका पाउने हुनाले आन्तरिक पर्यटनबाट राष्ट्रिय आय वितरण व्यवस्थालाई सन्तुलित पार्न सकिन्छ।

धनीहरूको हातमा रहेको पैसा गरीबहरूको हातमा पुर्‍याउनु चुनौतीपूर्ण कार्य हो। अनेक किसिमका योजना, नीति एवं आर्थिक निर्णय गरेर धनीहरूको हातमा रहेको पैसा गरीबहरूसम्म पुर्‍याउन सकिन्छ। अर्थात् धनीहरूले नेपालका विभिन्न स्थानको भ्रमण गरेमा ती स्थानका साना व्यापारीहरू (जसले केवल जीवन निर्वाहका लागि व्यापार गरेका हुन्छन्) ले आय आर्जनको मौका पाउँछन्। उनीहरूको हातमा पनि पैसा आउने वातावरण सृजना हुन्छ। यसरी आन्तरिक पर्यटन नेपालमा गरीबहरूको हातमा पनि पैसा पार्ने माध्यम बन्न सक्छ।

तर नेपालमा आन्तरिक पर्यटनलाई व्यवस्थित किसिमले अगाडि बढाउन सकिएको छैन। पर्यटकीय स्थलहरूको प्रचारप्रसार प्रभावकारी किसिमले गर्न सकिएको छैन। राम्रो आय हुने वा धनीहरूलाई आन्तरिक पर्यटनमा बढी पैसा खर्च गर्न उत्प्रेरित गर्न सकिएको छैन; आन्तरिक पर्यटनलाई अति निर्धनहरूको हितमा प्रयोग गर्न सकिएको छैन। सडक वा फूटपाथे व्यापारीहरूको हितमा आन्तरिक पर्यटनलाई प्रयोग गर्न सकिएको छैन। यद्यपि नेपालमा आन्तरिक पर्यटनको सम्भावना भरपूर छ।

## सुविधासम्पन्न "राधेकृपा" अपार्टमेन्ट बन्दै

राधेश्याम पटेल, वीरगंज, ९ मङ्सिर/

वीरगंजमा सुविधासम्पन्न अपार्टमेन्टको निर्माण कार्य शुरू भएको छ। साढे ९ रेक्टर स्केलसम्मको भूकम्पको धक्का थेग्न सक्ने १३ तले भूकम्प प्रतिरोधात्मक 'राधेकृपा'को निर्माण कार्य गत अप्रिलबाट शुरू भएको हो।



निर्माणाधीन राधेकृपा अपार्टमेन्ट। तस्वीरः प्रतीक

वीरगंजका सातजना व्यवसायीको संयुक्त लगानीमा वीरगंज–३ साइँमन्दिर रोडको पूर्वपट्टि यो विशाल संरचना तयार भइरहेको छ। वीरगंजमा अहिलेसम्मकै अग्लो संरचनाको लागि लगानीकर्ताहरूले जग्गाबाहेक करीब रु ८० करोड लगानी गरेको बताइएको छ।

वीरगंजको प्राइम लोकेशन मानिने आदर्शनगरको पानीटङ्की चोकबाट पाँच सय मिटर दक्षिणमा ९ कट्ठा जग्गामा राधेकृपा हाउजिङ एन्ड इन्भेस्टमेन्ट प्रालि नामको कम्पनी दर्ता गरी निर्माण कार्य तीव्र गतिमा भइरहेको अपार्टमेन्टका लगानीकर्तामध्येका प्रभात रूँगटाले बताए।

यो प्रोजेक्टमा रूँगटासहित वीरगंजका अमित अग्रवाल, मनीष अग्रवाल, पशुपति खण्डेलवाल, रोहित चाचान, सचिन खण्डेलवाल र प्रेम जाटियाको लगानी रहेको छ। कोरोना महामारीको बेला सुविधासम्पन्न अपार्टमेन्टको आवश्यकता महसूस गरी संयुक्त लगानीमा बनाउने निर्याण भएपछि योजना अघि बढाइएको मारुती फर्माका डाइरेक्टरसमेत रहेका व्यवसायी प्रभात रूँगटा बताउँछन्। उनका अनुसार काठमाडौंका जनकराज खनाल प्रबन्ध निर्देशक रहेको हिमालयन बिल्डर्सले दुई वर्षमा अर्थात् २०२३ अप्रिलमा प्रोजेक्ट फाइनल गरेर दिने गरी सम्झौता भई निर्माण कार्य तीव्ररूपमा भइरहेको छ। हाल १२० जना प्राविधिक तथा कामदार निर्माण कार्यमा संलग्न छन्।


अर्का लगानीकर्ता प्रेम जाटियाका अनुसार भौतिक संरचनामा करीब रु ५० करोड, फिनिसिङमा रु २५ करोड र क्लब हाउस तथा अन्य बन्दोबस्तीमा करीब पाँच करोड गरी रु ८० करोड लगानी लाग्ने अनुमान छ। अपार्टमेन्टमा दुईवटा भवनको टावर हुनेछ। अघिल्लो भवनमा ३३ वटा फ्ल्याट र पछिल्लो भवनमा ११ वटा फ्ल्याट हुने जनाइएको छ। कुल ४४ वटा फ्ल्याटमा २२ वटा फ्ल्याट तीन बिएचके र २२ वटा फ्ल्याट चार बिएचकेको हुनेछ। तीन बिएचकेको क्षेत्रफल २४ सय वर्गफिट रहेको छ भने चार बिएचकेको क्षेत्रफल ४४ सय वर्गफिट रहेको छ। अपार्टमेन्टको निर्माण कार्य शुरू भएलगत्तै अपार्टमेन्ट खरीद गर्नको लागि चासो बढिरहेको छ।

तीन बिएचके करीब रु ३ करोडमा र चार बिचएके करीब रु ४ करोड पर्ने बताइएको छ। साढे १० हजार रुपैयाँ प्रति वर्गफिटको दरले फ्ल्याट बिक्री गर्ने लक्ष्य राखिएको छ। उक्त अपार्टमेन्टमा क्लब हाउस, जिम, स्वीमिङ पुल, मिनी थिएटर, सामुदायिक भवन, डिपार्टमेन्टल स्टोर, भ्याक्सिनेशन क्लिनिक, डाक्टर रूम, बार्बर रूम, खानेपानी, शौचालय, लिफ्टसँगै चौतर्फी पाँच मिटर चौडा बाटो र मुख्य बाटो २३ फिट चौडा रहने गरी डिजाइन गरिएको छ। वीरगंजमा २० वर्ष पहिले ६ नम्बर गेटनजीकै लक्ष्मी अपार्टमेन्ट, गणेश अपार्टमेन्ट, नेशनल ट्रेडिङनजीक प्रसन्न अपार्टमेन्ट, बिर्ताको त्रिवेणी गोपाल कम्प्लेक्सपछि शालिमार समूहको वीरगंज–३, छपकैयामा शालिमार होम्सपछि राधेकृपा अपार्टमेन्ट निर्माण भइरहेको छ। पछिल्लो समय रियल स्टेट व्यवसायमा वीरगंजका लगानीकर्ता केन्द्रित हुन थालेपछि अपार्टमेन्ट निर्माण भइरहेको हो।

## असहाय तथा वृद्धवृद्धाहरूलाई कपडा सहयोग

प्रस, ठोरी, ९ मङ्सिर/

ठोरी गाउँपालिका–१ मा रहेको असहाय तथा वृद्धवृद्धा कल्याण समाजलाई ठोरीकै एक युवाले लत्ताकपडा सहयोग गरेका छन्।



तस्वीरः प्रतीक

ठोरी गापा–४ का युवा व्यवसायी लेखबहादुर श्रेष्ठले बिहीवार ठोरी–१ मा रहेको असहाय कल्याण समाज पुगेर जाडोका लागि अति आवश्यक डसना, कम्बल, ज्याकेटलगायतका लत्ताकपडा हस्तान्तरण गरेका हुन्।

मिलचोकमा रहेको लेखिता फेन्सी स्टोरका प्रोपाइटरसमेत रहेका युवा व्यवसायी श्रेष्ठले आश्रममा रहेका असहाय र वृद्धवृद्धाका लागि पाँच थान डसना, एक थान कम्बल, २६ थान ज्याकेट र आठ थान ट्र्याकसुट सहयोग गरेको विजयबस्तीका समाजसेवी गणेशबहादुर श्रेष्ठले जानकारी दिए।

जाडो बढ्दै गएकाले असहायहरूलाई आफूले सकेको सहयोग गर्न पाउँदा आत्मसन्तुष्टि प्राप्त भएको सहयोगी श्रेष्ठले बताए।

श्रेष्ठ जस्तै मनकारी व्यक्तिहरूको सहयोगले मात्र असहाय कल्याण समाज आजसम्म सञ्चालन गर्न सकिएको बताउँदै संस्थाका संरक्षक आसबहादुर गुरुङले सहयोगी श्रेष्ठलाई धन्यवाद व्यक्त गरेका थिए।

## नेपाललाई अल्पविकसित देशबाट स्तरोन्नति गर्ने प्रस्ताव राष्ट्रसङ्घद्वारा अनुमोदन

वाशिङ्टन डिसी, ९ मङ्सिर/रासस

नेपाललाई संयुक्त राष्ट्रसङ्घको महासभाले आगामी सन् २०२६ सम्म अल्पविकसित राष्ट्रबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्नेसम्बन्धी प्रस्तावलाई अनुमोदन गरेको छ।

उक्त प्रस्ताव अनुमोदनका लागि संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्ले महासभामा पेश गरेको थियो। संयुक्त राष्ट्रसङ्घका लागि नेपाली स्थायी नियोग प्रमुख अमृत राईले दिएको जानकारी अनुसार नेपालको स्तरोन्नतिसम्बन्धी प्रस्तावलाई पाँच वर्षको तयारी अवधिसहित राष्ट्रसङ्घले बुधवार अनुमोदन गरेको हो। उक्त अवसरलाई सम्बोधन गर्दै राईले नेपालले पाँच वर्षभित्र अर्थतन्त्रको संरचनागत परिवर्तनका लागि आफ्नातर्फबाट सम्पूर्ण प्रक्रिया पूरा गर्न प्रतिबद्ध रहेको बताएका थिए।

राईले अगाडि भने–"नेपाल सरकारले स्तरोन्नतिसम्बन्धी रणनीति तर्जुमासमेत गरिसकेको छ, अब पाँच वर्षभित्र अर्थतन्त्रको संरचना तयार पारेर अन्तर्राष्ट्रिय समुदायमा देशको छवि उचो बनाउने अवसर हो।"

राईले नेपाल स्तरोन्नतिका लागि गरेको मेहेनतलाई कार्यान्वयन तहमा पुर्‍याउन पाउँदा खुशी लागेको प्रतिक्रिया दिए। उनले भने–"सन् २०२६ पछि थपिन सक्ने चुनौतीलाई सम्बोधन गर्नसमेत हामीहरूले आग्रह गरेका छौं, यसमा विकास साझेदार संस्थाहरूसँग छलफल गरेर एउटा निर्णयमा पुग्नेछौं।"

नेपालले सन् २०१५ र २०१८ मा पनि

(बाँकी चौथो पातामा)

# समृद्धिका लागि शिक्षामा रूपान्तरण

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**संस्थागत निकायलाई गाली गर्नुभन्दा सामुदायिक विद्यालय, व्यवस्थापकीय वा प्रशासनिक तहलाई बलियो बनाउनुपर्छ । शिक्षामैं मुलुकको आत्मनिर्भरता निहित छ भन्ने पाठ सिकाउनुपर्छ । रोजगारको बाटो खुल्ने र देश पनि बन्ने कुरामा जोड दिनु आजको आवश्यकता र माग पनि हो ।**

शिक्षामा निजी र सामुदायिक विद्यालय गरी दुई खाले वर्गीयता छ । धनी र सम्पन्न वर्गका लागि आफ्ना सन्तान पढाउने एउटा पृथक संसार छ, निजी विद्यालय । यसभित्र जेजति राम्रा कुरा भए पनि पश्चिमी सोचको बाहुल्य हुन्छ । फलस्वरूप स्वाभिमान, राष्ट्रिय गौरव, मातृभाषा, माध्यम भाषा र सामाजिक मौलिकता क्रमशः हराउँदै जाने त्रास बढिरहेको अवस्था छ । क्षमता भएकाले पनि राजनीतिक दलका नेताको दैलो कुर्दै झोला भिर्ने गरेका कटु सत्यले शिक्षा र शिक्षित व्यक्तित्वको गरिमालाई ओझेलमा पुऱ्याइरहेको छ । अदूरदर्शी पद्धति नै शैक्षिक गुणस्तर विकासका बाधक हुन् ।

वास्तवमा शिक्षा भनेको असमानता तोड्दै गरीबीविरुद्ध लड्ने सबैभन्दा शक्तिशाली हतियार हो । हरेक समाजमा शिक्षाले समृद्धि र शान्तिको बाटो प्रदान गर्दछ । शिक्षाले मानिस र समाजको उज्ज्वल भविष्यका लागि आवश्यक आधारशिला निर्माण गर्छ । शिक्षाको गुणस्तर र पहुँच दुवैमा लगानी वृद्धि गर्न सरकार अग्रसर हुनुपर्छ । नेपाल सरकारले केही हदसम्म आधारभूत शिक्षा निश्शुल्क गरेको छ । युवालाई केवल औपचारिकताका लागि मात्र पढाउनेभन्दा पनि डिजिटल सञ्चार, उद्यमशीलता र प्रविधि (टेक्नोलोजी)सँग परिचित गराउनुपर्दछ । युवाले सिकेका आधुनिक सीप अर्को पुस्तामा सहज हस्तान्तरण हुने वातावरण सिर्जना गराउने दायित्व स्थानीय सरकारको काँधमा आएको छ ।

नेपालको संविधानले समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरेको छ । निश्शुल्क र गुणस्तरीय शिक्षा समाजवादी राज्य निर्माणको महत्त्वपूर्ण आधार हो । अहिलेको नेपाली समाजलाई रूपान्तरण गर्नका लागि आलोचनात्मक सोच, बहस र वैज्ञानिक विधि सबैभन्दा महत्त्वपूर्ण छ । लोकतान्त्रिक संस्थाहरूको विकास र सुदृढीकरणमा योगदान पुऱ्याएर समाजको शान्तिमय विकासमा तीव्रता दिनु आजको आवश्यकता हो, यसका लागि लोकतान्त्रिक मूल्य र मान्यताबारे युवालाई शिक्षा दिनुपर्छ । हुनत समाजवाद आफैंमा राजनीतिगत मान्यता, सिद्धान्त र दर्शन हो । वास्तवमा उत्पादनका साधनमा राज्यको स्वामित्व रहने समाजवादी मान्यताले राष्ट्रलाई समृद्धितर्फ डोऱ्याउँछ । नेपालको शिक्षाले स्थानीय शिक्षाका कोणबाट केही अभ्यास भने गरेको देखिन्छ । वस्तुतः समृद्धिको आशामा गुणस्तरीय, व्यावहारिक र प्राविधिक तथा प्रविधिमैत्री शिक्षा र विकासले प्रत्यक्ष सम्बन्ध राख्दछ । शिक्षाले दक्ष जनशक्ति उत्पादन हुन्छ, तब समाजवादले व्यावहारिकता पाउँछ । नेपालले शिक्षित जनशक्तिलाई समयानुसार आफ्नै मुलुकमा अवसर दिने र आवश्यक जनशक्ति उत्पादन गर्दै जाने हो भने यहाँबाट श्रमशक्ति होइन, वस्तु निर्यात गर्न सम्भव हुन्छ । तर, शिक्षालाई समानता र सहभागितामुखी बनाउने कुरामा बौद्धिक वर्ग नै चनाखोपन देखाउँदैन ।

शिक्षा रूपान्तरण गर्ने एउटा महत्त्वपूर्ण तरीका भनेको विश्वव्यापी रूपमा सबै युवाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित हुनुमात्र हो । तर विश्वका १० मध्ये एक बालबालिका द्वन्द्व क्षेत्रमा बसोवास गर्छ र उनीहरूमध्ये दुई करोड ४० लाख स्कूल बाहिर छन् । राजनीतिक अस्थिरता, श्रम बजार चुनौती र राजनीतिक तथा नागरिक सहभागिताका लागि सीमित स्थानको कारण समाजमा युवा समुदायमा एकाङ्कीपन बढेको छ । शिक्षाले समाजीकरणलाई सजिलो बनाउँदछ । शिक्षाले जिज्ञासालाई प्रेरित गर्नुपर्दछ र सिक्नेहरूमा अन्वेषणात्मक चेतना प्रोत्साहित गर्नुपर्दछ । अहिले विश्वले सामना गरिरहेको साझा समस्याहरू– जलवायु परिवर्तन, जैविक इन्जिनीयरिङ, विच्छेदनशील प्रविधि र आणविक हतियारजस्ता विषयमा प्रत्येक देशको युवा जानकार हुनुपर्छ, यस्ता विषयमा सबैलाई जागरूक र संवेदनशील बनाउन शिक्षा प्रदान गर्नु निर्विकल्प उपाय हो । संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेका १७ वटा दिगो विकास लक्ष्यहरूमध्ये चौथो 'समावेशी र न्यायसंगत गुणस्तरको शिक्षा सुनिश्चित गर्ने र सबैका लागि आजीवन सिक्ने अवसर प्रवर्द्धन गर्ने' हो । तर नेपालमा विद्यार्थी अवस्थामैं राजनीति शुरू गर्नेदेखि कमाउ राजनीतिको सहज स्थल र निकाय भनेकै शिक्षालय अर्थात् क्याम्पस र विश्वविद्यालय बन्ने गरेका छन् । धेरैजसो नेताजीलाई दह्रो बनाउने र देशका परिवर्तनमा साथ दिने विद्यार्थी सङ्गठन हुन् । जसरी पनि नेता जन्माउने स्थल शिक्षालय नै रहेछ । यसर्थ शिक्षाले राजनीति होइन, राजनीतिले शिक्षालाई चलाएको उल्टो पद्धतिमा हाम्रो देश पछाडि रहेको देखिन्छ ।

शिक्षक सरुवा, बढुवा, विद्यालय व्यवस्थापन समिति निर्माणमा भागबन्डा, सरकारी बजेटमा माथिदेखि नै भागबन्डाको पुरानै शैलीमा सुधार हुन नसक्नुलगायत अनेकौं समस्या पहिल्यैदेखि कायम छन् । लाखौं कलिला मस्तिष्क अपारदर्शी कमिशनतन्त्रको शिकार बनिरहेका छन् । गुणस्तरीय शिक्षा विकासको परिकल्पना आर्थिक समृद्धिसँग गाँसिन्छ । यसमा सञ्चार, इन्टरनेटमा पहुँच विस्तार, खुला तथा वैकल्पिक शिक्षाको विकास, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच समेटिएका छन् । शैक्षिक क्षेत्रको विषमता हटाई बालमैत्री शिक्षा व्यवस्थापन गर्ने, आदर्श र अनुशासित नागरिक तयार पार्ने खालको राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, मानवीय क्षमता विकासमा पहल गर्नेदेखि उच्च शिक्षालाई विशिष्टीकृत गर्नेलगायत विषय पनि विगतदेखि नै उठाइएको हो । विद्यालय क्षेत्र विकास योजनाले विसं. २०८० असारसम्मको सात वर्षे योजनाका लागि कुल अनुमानित रकम १०.५८ बिलियन अमेरिकी डलर (११ खर्ब १० अर्ब ५८ करोड रुपियाँ) लाई स्रोतसहित तर्जुमा गरेको छ । उच्च शिक्षामा सरकारको प्रतिविद्यार्थी ३७ हजार २५८ रुपियाँ लगानी रहेको विश्वविद्यालय अनुदान आयोगले जनाएको छ । चालू आर्थिक वर्षमा सरकारबाट उच्च शिक्षामा प्रतिविद्यार्थी लगानी सबैभन्दा बढी राजर्षि जनक विश्वविद्यालयमा गरिने देखिएको छ भने सबैभन्दा कम पोखरा विश्वविद्यालयमा हुनेछ । त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीमा जनही २६ हजार ७८० रुपियाँ सरकारबाट लगानी रहने आयोगले जनाएको छ ।

शिक्षा विकासमा नवीनतम प्रविधि खोज गरी विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम नागरिक तयार पार्ने विषयमा प्रभावकारी योजना नहुँदा शिक्षित बेरोजगारी मात्र उत्पादन भइरहेको छ । यसका लागि मुलुकभित्र प्रभावकारी योजना नै देखिँदैन । भएका योजना पनि क्षणिक स्वार्थ र कमाउ धन्दामुखी बन्दै जाँदा हामी कतै शिक्षा विकासको सङ्कटकालमा त छैनौं भन्ने प्रश्न उठेको छ । आजको समाजको पार्टीगत अन्ध समर्थनवादी शैली अँगाल्ने प्राज्ञिक नेतृत्वले यस्तो कल्पना गर्न बाध्य बनाउँदै छ । राजनीतिले शिक्षा विकासमा अहम् भूमिका खेलेको हुन्छ । त्यसैले असल राजनीतिलाई मात्रै शिक्षाले साथ दिनुपर्ने हो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा शिक्षाको बजेट चार प्रतिशत कायम गरी कुल राष्ट्रिय बजेटको न्यूनतम २० प्रतिशत रकम शिक्षा बजेटमा विनियोजन गर्ने कुरा सो योजनामा उल्लेख छ । पूर्व बाल शिक्षादेखि आठ कक्षासम्म आधारभूत तह मानिने र कक्षा ९–१२ माध्यमिक तह हुनेगरी दिगो विकासको लक्ष्य हासिल गरी २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउने लक्ष्य यसमा गाँसिएको छ । यसका साथै विसं. २०७९ सम्म नेपाललाई अल्पविकसित मुलुकबाट माथि उठाई आवश्यक जनशक्ति उत्पादन गर्ने र मुलुकको रूपान्तरणमा भूमिका खेल्ने अभियानका रूपमा लिइएको छ ।

शिक्षा प्रदान गर्ने संस्थाहरूमा युवाको अर्थपूर्ण संलग्नता महत्त्वपूर्ण हुन्छ । यसले समाज रूपान्तरण प्रक्रियालाई गति दिन सक्छ । शिक्षाको भविष्यलाई आकार दिन महत्त्वपूर्ण निकायहरूमा युवाको समानुपातिक पहुँच र प्रतिनिधित्व अनिवार्यरूपमा निश्चित हुनुपर्छ । अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश र स्थानीय स्तरमा युवा वर्गलाई रूपान्तरणमा संलग्न गराउन अवसर सिर्जना गर्नुपर्दछ । आज क्षमता र इच्छा भएका युवा सल्लाहकार समूह, विद्यार्थी सङ्गठन, अनलाइन युवा शिक्षा केन्द्र आदि धेरै तरीकाले शिक्षा रूपान्तरणमा संलग्न हुन सक्ने अवस्था छ । युवालाई सीमित कोटा छुट्याएर मात्र हुँदैन, निरन्तर र सान्दर्भिकरूपमा संलग्न गराउनुपर्छ । सामाजिक रूपान्तरणका लागि शिक्षामा सामूहिक पहल आवश्यक छ । प्रत्येक समाजको सफलता त्यस समयको शिक्षित जनसङ्ख्या उत्पादन गर्न सक्ने क्षमतामा निर्भर छ । अधिकांश युवालाई शिक्षण पेशामा सामिल गराउँदा गुणस्तरीय शिक्षामा सुधार, समावेशीकरणलाई बढावा र शिक्षामा समानता सुनिश्चित गर्न आधार निर्माण हुनेछ । विशेषगरी दलित, जनजाति, अल्पसङ्ख्यक र पछाडि पारिएका समुदायमा गुणस्तरीय शिक्षाले उन्नतिको अवसर सिर्जना गर्न सक्छ ।

त्यसैले संस्थागत निकायलाई गाली गर्नुभन्दा सामुदायिक विद्यालय तथा व्यवस्थापकीय वा प्रशासनिक तहलाई बलियो बनाउनुपर्छ । शिक्षामा मुलुकको आत्मनिर्भरता निहित छ भन्ने पाठ सिकाउनुपर्छ । रोजगारको बाटो पाउने र देश पनि बन्ने कुरालाई एकसाथ जोड्नु आजको आवश्यकता र समयको माग पनि हो । स्वदेशमैं श्रम गर्ने र राष्ट्रियताको पाठ पढ्न पाउने अवसर नदिएसम्म शिक्षामा विभेद र असमानता बनिरहन्छ । त्यसैले नेपालको माटो सुहाउँदो शिक्षा विकासका कार्यक्रम अगाडि सार्नुपर्छ । यसका लागि स्थानीय, प्रदेश तथा केन्द्र सरकारबीच स्पष्ट शिक्षा नीति अघि सार्नुको विकल्प छैन । समृद्धिको मुख्य आधार शिक्षामा रूपान्तरण हो । यसका लागि राज्य र निजी क्षेत्रले प्रविधि, पूँजी र शैक्षिक श्रमशक्तिको उचित समायोजन गर्न सक्नुपर्छ ।

# कञ्चनरूपमा दुई वर्षभित्र घर–घरमा धारा

सप्तरी, ९ मङ्सिर/रासस

यहाँको कञ्चनरूप नगरपालिकामा शहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यालय पानीपोखरी काठमाडौंको सहयोगमा 'शहरी खानेपानी तथा सरसफाइ आयोजना' सञ्चालन हुने भएको छ ।

नगरप्रमुख वसन्तकुमार मिश्रले कञ्चनरूप–१२ स्थित धरमपुरमा अतिरिक्त बोरिङको शिलान्यास गर्दै खानेपानी आयोजनाको काम तीव्ररूपमा शुरू भएको घोषणा गरे । लामो समयदेखि खानेपानीको अभाव खटकिएको नगरपालिकाको केही वडामा खानेपानीको सर्वसुलभ व्यवस्था मिलाउन आयोजनाले सहयोग पुग्ने जानकारी दिए । आयोजना निर्माण सम्पन्न भएपछि सबैको घर–घरमा खानेपानी पुग्ने आयोजनाले जनाएको छ ।

कञ्चनरूप खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष भुवनबहादुर केसीले अतिरिक्त बोरिङ गर्ने, पाइप जडान गर्नेलगायतका प्रारम्भिक काम सञ्चालनमा आएको जानकारी दिए । सन् २०१८ मैं भएको पहिलो सर्वेक्षण अनुसार आयोजनाबाट वडा नं ८ र १२ का सबै तथा वडा नं ४, ७, ९ र ११ का आंशिक गरी चार हजार ४६४ घरधुरीले खानेपानीको सेवा पाउनेछन् ।

आयोजनाका अनुसार नगरपालिकाको वडा नं १२ को धरमपुर र चर्खिया बस्तीपुर तथा वडा नं ८ को कञ्चनपुर हटियामा निर्माणाधीन स्थलहरू गरी छवटा पुरानैमा तीनवटा बोरिङ थप गरिनेछ ।

साथै १४० किलोमिटर पाइपलाइन जडान हुने आयोजनाले जनाएको छ । नौवटा बोरिङ र धरमपुर, रूपनगर र कञ्चनपुरमा निर्माणाधीन पानीटङ्कीबाट आपूर्ति गरिने खानेपानीको उत्पादन क्षमता कञ्चनपुर र रूपनगरमा प्रतिसेकेन्ड १५ लिटर र धरमपुरमा १० लिटर रहने प्राविधिकको भनाइ छ ।

सन् २०१८ को ढाँचा अनुसार नगरपालिकाका २४ हजार ४६४ जनसङ्ख्या लाभान्वित हुनेछन् । सन् २०४० सम्ममा करीब ४० हजार जनसङ्ख्या पुग्ने अनुमान गरिएको छ । बीस वर्षपछि १६ हजार ९०१ घरधुरी थप हुने आयोजनाको प्रारम्भिक अनुमान छ ।

परामर्शदाता पिइएविन जेभी र निर्माण व्यवसायी शर्मा–दिवा–सगुन जेभी रहेको उक्त आयोजनाको २०७८ असार २९ गते ठेक्का सम्झौता भएको हो । जम्मा रु ६८ करोड ८४ लाख ९४ हजार ५०८ को लागत अनुमान रहेको यो आयोजना रु ४४ करोड २९ लाख ९ हजार १९९ करसमेत गरी ठेक्का सम्झौता भएको छ ।

शर्मा/दिवा/सगुन जेभीले आयोजनाको काम गर्नेछ र ठेक्का सम्झौतापत्रमा उल्लेख भए अनुसार दुई वर्षभित्रमा पहिलो चरणको निर्माण कार्य सम्पन्न गरिसक्नेछ । यस आयोजनालाई एशियाली विकास बैंक (एडिबी)बाट ऋण प्राप्त भएको आयोजनाको व्यवस्थापन कार्यालयले जानकारी दिएको छ ।

**नेपाललाई...........**

स्तरोन्नतिको मापदण्ड पूरा गरेको थियो तर तत्कालीन अवस्थामा भूकम्पका कारण अर्थतन्त्रले गम्भीर चुनौतीको सामना गर्नुपरेको भन्दै यो प्रस्तावसम्बन्धी कार्यलाई नेपालले पछि सारेको थियो ।

राष्ट्रसङ्घले विभिन्न मापदण्डका आधारमा तयार पार्ने अल्पविकसित देशहरूको सूचीमा नेपाल सन् १९७१ मा सूचीकृत भएको थियो । पचास वर्षपछि नेपालले विश्व मानचित्रमा आफूलाई विकासशील देशमा सूचीकृत गर्न सफल हुनु नेपालका लागि एक महत्त्वपूर्ण अवसर हो ।

# सिमरा मालपोतद्वारा चार महीनामा १९ करोड राजस्व सङ्कलन

प्रस, जीतपुर, ९ मङ्सिर/




मालपोत कार्यालय सिमराले चार महीनामा रु १९ करोड राजस्व सङ्कलन गरेको प्रमुख मालपोत अधिकृत राजेन्द्रप्रसाद पौडेलले बताए ।

चालू आव २०७८/७९ को साउन–कात्तिक चार महीनामा रु १९ करोड ३० लाख ५९ हजार राजस्व सङ्कलन गरेको हो ।

उक्त राजस्व प्रदेश सञ्चित कोषलाई ४० प्रतिशत, मुख्यमन्त्री स्वच्छता अभियानलाई १० प्रतिशत, जीतपुरसिमरा उपमहानगरपालिकालाई ३२ प्रतिशत, निजगढ नपालाई ९ प्रतिशत, परवानीपुर गाउँपालिकालाई दुई प्रतिशत, कलैया उपमनपा र मालपोत कार्यालयलाई १/१ प्रतिशत र 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानलाई दुई प्रतिशत बाँडफाँड गरिएको लेखा अधिकृत तेजेन्द्र लम्सालले बताए ।

सो कार्यालयको कार्यक्षेत्र अन्तर्गत साबिक रातोमाटे, पिपरासिमरा, भवानीपुर जीतपुर, छातापिपरा, रामपुर टोकनी, लिपनीमाल, बुनियाद, फत्तेपुर, डुमरवाना, मनहर्वा, निजगढ, इनर्वासिरा पर्छन् ।

घरजग्गा खरीद–बिक्री गरेबापत पूँजीगत लाभकर रु ६ करोड १६ लाख १९ हजार ६९९, रोक्का दस्तुर रु १ करोड ४२ लाख ६५ हजार ४ सय, नामसारी, संशोधन सेवा शुल्क रु ४ लाख ३ हजार ६९५, पुर्जा बिक्री रु ८ हजार ३ सय, घरजग्गा रजिस्ट्रेशन दस्तुर रु ११ करोड ५९ लाख २२ हजार २४७ सङ्कलन गरिएको प्राप्त विवरणमा उल्लेख छ ।



**सामाजिक सुरक्षा भत्ता लिन जाँदै** : स्थानीय तहले बैंकमार्फत सामाजिक सुरक्षाभत्ता वितरण गर्न थालेपछि बझाङका ग्रामीण क्षेत्रका एक शारीरिक अशक्तता भएका व्यक्तिलाई भत्ता बुझ्नका लागि स्थानीय बैंकतर्फ लाँदै । तस्वीरः रासस

प्लाष्टिकको झोला बहिष्कार गरौं
कपडाको झोला प्रयोग गरौं

वीरगंज महानगरपालिका

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## महामारीका कारण महिलाविरुद्ध हिंसा बढ्यो -राष्ट्रसङ्घीय प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घ, ९ मङ्सिर/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले हालै गरेको एक अध्ययनमा कोभिड-१९ को महामारीका कारण महिला हिंसामा वृद्धि भएको पाइएको छ। विश्वका विभिन्न १३ वटा देशमा भएको अध्ययनमा यस महामारीका कारण महिला हिंसाका घटनामा पनि वृद्धि भएको पाइएको हो।

विश्वका अरू देशमा पनि यो महामारीका कारण आफ्नो घरमैं र बाहिर अर्थात् सार्वजनिक स्थलमा पनि यस्ता घटनामा वृद्धि भएको पाइएको सो उक्त अध्ययनमा देखिएको बताइएको छ।

ती १३ देशमा भएको सर्वेक्षणबाट महिलाहरूले महामारीका कारण घरमैं बस्नुपर्दा तथा सार्वजनिक स्थानमा समेत आफूहरूमाथि हिंसा बढेको उनीहरूले बताएका थिए। घरेलु हिंसा घरभित्र हुने गरेको र कोरोनाबाट बच्न घरभित्र बस्नु सबैभन्दा ठूलो बचाउ ठानिए पनि वास्तविकता त्यस्तो नरहेको ती महिलाहरूले जनाएका छन्।

यो महामारीका कारण विश्वका अधिकांश मुलुकमा लकडाउन गरिएको थियो र बासिन्दालाई घरभित्रै बस्न भनिएको थियो। तर घरमा बस्दा महिला हिंसा झनै बढ्ने गरेको सो अनुसन्धानबाट पाइएको छ। सो सर्वेक्षणमा समेटिएका महिलाहरूमध्ये आधाजतिले सार्वजनिक स्थान र घरमा पनि कुनै न कुनै प्रकारको हिंसा महसूस गरेको बताएका थिए।

त्यसैगरी एकचौथाई महिलाले त आफूहरू घरमैं असुरक्षित रहेको बताएका थिए। उनीहरूले महामारी शुरू भएदेखि घरमैं हिंसा बढेको अनुभव सो अनुसन्धानका क्रममा सुनाएका थिए। उक्त अनुसन्धानले यो महामारीका समयमा भएका घरेलु हिंसाको पूर्ण वास्तविकता बाहिर आउन नसकेको पनि देखाएको छ।

यसै पनि घरेलु हिंसाका घटना अत्यल्प जानकारीमा आउने र महामारीपछि सबैलाई घरभित्रै बस्नुपर्ने समयमा यसको रिपोर्टिङ पनि अत्यन्त न्यून हुने गरेको अनुसन्धान रिपोर्टमा जनाइएको छ। रासस

## बेलायतमा सङ्क्रमित सङ्ख्या एक करोड

लन्डन, ९ मङ्सिर/सिन्ह्वा

बेलायतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या करीब एक करोड पुगेको छ। बुधवार एकै दिनमा ४३ हजार ६७६ जना सङ्क्रमित भएपछि कुल सङ्क्रमितको सङ्ख्या ९९ लाख ७४ हजार ८४३ पुगेको जनाइएको छ। यहाँका स्वास्थ्य अधिकारीले जनाए अनुसार अहिले दैनिक कम्तीमा पनि ४० हजारजनामा यो भाइरसको सङ्क्रमण भेटिने गरेको छ। यहाँ बुधवार ४३ हजार ६७६ जना थप व्यक्ति सङ्क्रमित भएका समाचारमा उल्लेख छ। बेलायतमा एक लाख ४४ हजार २८६ जना कोरोनाका सक्रिय सङ्क्रमित रहेका छन्।

बेलायतमा बुधवार मात्र १४९ जना कोरोना सङ्क्रमणबाट मृत्यु भएको छ। योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण करीब एक लाख ४४ हजार २८६ जनाको मृत्यु भएको छ। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये आठ हजारजनाभन्दा बढी अझै पनि अस्पतालमैं उपचाररत रहेका छन्।

यहाँका १२ वर्षमाथिका झन्डै ८८ प्रतिशत मानिसले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्। त्यसैगरी, करीब ८० प्रतिशतले दुवै मात्रा खोप लगाएका पनि स्वास्थ्य मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। २७ प्रतिशतभन्दा बढीले तेस्रो मात्रा खोप पनि लगाएको समाचारमा जनाइएको छ।

पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको सरकारी अधिकारीले बताएका छन्। सरकारी प्रयासका बावजूद यहाँ सङ्क्रमित हुनेको दरमा कमी नआएको स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। रासस

## क्यानडामा १७ प्रतिशत बालबालिका गरीबीमा

ओटावा, ९ मङ्सिर/सिन्ह्वा

तेन्ह लाख क्यानेडेली बालबालिका गरीबीमा बाँचिरहेको अभियान २००० नामक संस्थाले बुधवार जारी गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। यो सङ्ख्या कुल बालबालिकाको १७.७ प्रतिशत हो। प्रतिवेदनका अनुसार ती बच्चाहरूले आधारभूत आवश्यकताको परिपूर्तिसमेत गर्न नपाएको जनाइएको छ। व्यवस्थित खानपान, सुकिला लुगाफाटो, पारिवारिक सन्तुलन, बुबाआमाको आम्दानीलगायत शीर्षकका आधारमा उक्त अध्ययन-अनुसन्धान गरिएको थियो, जसमा प्रायः सबै शीर्षकमा ती बालबालिकाको अवस्था दयनीय रहेको पाइएको छ।

सन् २०१९ बाट उपलब्ध नवीनतम तथ्याङ्क प्रयोग गरी गरिएको अध्ययन प्रतिवेदनले आम्दानी, स्वास्थ्य र सामाजिक असमानता र बालबालिका तथा पारिवारिक गरीबीको गहिरो स्तरको स्पष्ट चित्र चित्रण गरेको छ। क्यानडामा सबैभन्दा उच्च बाल गरीबी दर नुनाभट क्षेत्रमा छ, जहाँ ३४ प्रतिशत छ। त्यसैगरी, मनिटोबा प्रान्तमा २८.४ प्रतिशत छ। रासस


**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !

लिखित प्रतिबद्धता !!

**सहयोगी:**

**बैद्य सूर्यमान श्रेष्ठ**

मो. ९८६९३७७४७७, ९८०५९२७०३३


**आजको राशिफल**

| | |
|---|---|
| मेष – वाहनकष्ट | वृष – राज्यलाभ |
| मिथुन – धनखर्च | कर्कट – सुयश |
| सिंह – अलमल | कन्या – प्रसन्नता |
| तुला – पदोन्नति | वृश्चिक – अलमल |
| धनु – धनखति | मकर – नारीसुख |
| कुम्भ – अलमल | मीन – खिन्नता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## महालक्ष्मी बचतको साधारणसभा

प्रस, वीरगंज, ९ मङ्सिर/

महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिको २१औं वार्षिक साधारणसभा सम्पन्न भएको छ।

गहवामाई मन्दिर अतिथि सदनमा बिहीवार आयोजित साधारणसभाको उपप्रमुख शान्ति कार्कीले उद्घाटन गरेकी थिइन्।

कार्यक्रममा संस्थाका अध्यक्ष ईश्वरचन्द्र गौतमले आव २०७७/७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। उनले रु ५ करोड १६ लाख आम्दानी, २ करोड ७८ लाख खर्च र २ करोड ३८ लाख सञ्चालन मुनाफा भई सदस्यहरूलाई १८ प्रतिशत लाभांश वितरण गरिएको बताए। साथै उनले वार्षिकोत्सवको अवसरमा गहवामाई अतिथि सदनको पुनर्संरचनाको लागि रु ६ लाख खर्च गर्ने घोषणा गरे।

कार्यक्रममा डा दीपक शाक्यले स्वागत गरेका थिए भने पर्सा जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेश पडित, वडाध्यक्ष ध्रुव नेपाल, वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपाली र रितेश गुप्ताले साधारणसभा सफलताको शुभकामना व्यक्त गरेका थिए।

साधारणसभाले गौतमकै अध्यक्षतामा चार वर्षको लागि नयाँ सञ्चालक समिति र प्रद्युम्न सेढाईंको संयोजकत्वमा लेखा समिति चयन गरेको संस्थाका अमर राजभण्डारीले जानकारी गराए।

## आवश्यकता

नेपाल नेत्र ज्योति सङ्घ, गौर आँखा अस्पताल, गौर-८ (पुरेनवा)का लागि करारमा तपसिल बमोजिमका कर्मचारीहरूको आवश्यकता भएकाले नेपाली नागरिकता भएका इच्छुक व्यक्तिहरूले सूचना प्रकाशन भएको मितिदेखि १५ दिनभित्र दर्खास्त आह्वान गरिन्छ।

| क्रस | पद | तह | सङ्ख्या | शैक्षिक योग्यता | सेवाको किसिम |
|---|---|---|---|---|---|
| १ | नेत्र सहायक | ८ (वरिष्ठ सहायक) | २ | PCL Ophthalmic Science उत्तीर्ण भएको | करार |
| २ | फार्मासिस्ट | ८ (वरिष्ठ सहायक) | १ | PCL Pharmacy उत्तीर्ण भएको | करार |
| ३ | अप्टिकल फिटर | ४ (सहायक) | १ | CTEVT बाट Optician Training प्राप्त गरेको | करार |
| ४ | काउन्सिलर | ४ (सहायक) | १ | CMA Training प्राप्त गरेको | करार |

**आवश्यक कागजातहरू:**

१. व्यक्तिगत विवरण (Bio-Data)।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि।
४. पासपोर्ट साइज फोटो दुई थान।
५. NHPC मा दर्ता भई नवीकरण भएको लाइसेन्सको प्रतिलिपि।
६. परीक्षाको किसिम :- परीक्षा लिखित तथा अन्तर्वार्ता दुवै हुनेछ।
७. उमेर :- १८ देखि ३५ वर्ष तथा महिलाको हकमा ४० वर्ष उमेरसम्म।
८. तलब तथा सुविधाहरू :- नेपाल नेत्र ज्योति सङ्घको नियम अनुसार हुनेछ।

कुनै पनि आँखा अस्पतालमा काम गरेकालाई ग्राह्यता दिने तथा महिला उम्मेदवारलाई बढी प्राथमिकता दिइनेछ। तोकिएको मितिभित्र गौर आँखा अस्पतालको प्रशासन शाखामा कार्यालय समयभित्र निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रतिलिपि तथा माथि उल्लिखित कागजातसहितको दर्खास्त आह्वान गरिन्छ। सम्पर्क मिति दर्खास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।

**पदपूर्ति समिति**, गौर आँखा अस्पताल, पुरेनवा, गौर-८, रौतहट, नेपाल।

## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय गौरबाट तपसिलका बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लीलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिनेहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**जिल्लाः रौतहट** **कार्यालयको नामः कृषि विकास बैंक लि., शाखा कार्यालय, गौर**

| क्र.सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राइटरको नाम) | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य | ग्राहक नं. | मिसिल नं. | भाका नाघेको साँवा | भाका ना. ब्याज २०७८।८।६सम्मको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विनयकुमार सिंह राजपूत | नवलकिशोर राजपूत | सुकदेव सिंह | हजमिनिया-८ | घरायसी कर्जा | १२६५४२० | १०३५८ | २००००० | १९४०५ | २१९४०५ |
| २ | हरिनारायणप्रसाद यादव | रामचन्द्र राय यादव | शिवधारी भगत | माधोपुर-१ | व्यापार कर्जा | ९२०१९० | ११३९३ | ७००००० | ३७२८३ | ७३७२८३ |
| ३ | रेणु तिवारी | श्रीराम तिवारी | मदन तिवारी | झुनखुनवा-३ | घरायसी कर्जा | ९२०३१२ | ११३९६ | ३००००० | ५३०९७ | ३५३०९७ |
| ४ | जितु महतो | सुखाडी महतो कोइरी | भगेला महतो कोइरी | डुमरिया-८ | घरायसी कर्जा | ९२०२७० | ११३६३ | ५००००० | १७५०६ | ५१७५०६ |
| ५ | नवलकिशोर सिंह | नन्दन सिंह | जुगुल सिंह | सरुअठा-४ | घरायसी कर्जा | ९२०२७२ | ११३६५ | ३००००० | १८८५५ | ३१८८५५ |
| ६ | राजकिशोर महतो कोइरी | कमल महतो कोइरी | पलधारी महतो कोइरी | इनर्वा-७ | घरायसी कर्जा | ९२००६४ | १११७७ | ४५०००० | २८८७९ | ४७८८७९ |
| ७ | उपेन्द्रप्रसाद साह | जवाहरप्रसाद साह तेली | धनही साह | मिठुअवा-७ | घरायसी कर्जा | १५९४०१६ | १११२८ | १०००००० | ४०२७७ | १०४०२७७ |
| ८ | शिववचनप्रसाद यादव | देवशरण राय यादव | मोजा राय यादव | अजगैवी-८ | घरायसी कर्जा | ९२००९६ | ११२०६ | ३००००० | १९१७८ | ३१९१७८ |
| ९ | सकिला खातुन | चाँदमहम्द मियाँ | सकुर मियाँ | सरुअठा-९ | व्यापार कर्जा | ९२०१०१ | ११२१३ | ५००००० | ५०५७९ | ५५०५७९ |
| १० | शम्भु साह तेली | वनवारी साह | सुरुज साह तेली | वसन्तपट्टि-२ | व्यापार कर्जा | ९२०१४२ | ११२४७ | २००००० | ५२०२० | २५२०२० |
| ११ | शेख इमताजुल | शेख रहमान | शेख जोखु | पिपरा, भगवानपुर-७ | व्यापार कर्जा | ९१८६४३ | १०३४८ | १८०००० | ४८४७६ | २२८४७६ |
| १२ | विशाल कन्स्ट्रक्शन, प्रो कमलेश सहनी | कोदै सहनी | सरजुग सहनी | गौर-७ | घरायसी कर्जा | ९१८९८० | १०४१४ | ६०५००० | ८५८७१ | ६९०८७१ |
| १३ | उमेशप्रसाद साह | राजदेव साह | धुपलाल साह | जोकहा-९ | व्यापार कर्जा | ९१९२४४ | १०५२० | २००००० | ५१३७५ | २५१३७५ |
| १४ | श्यामकिशोर सिंह | रामबहादुर सिंह | हरदार सिंह | गौर-९ | घरायसी कर्जा | ९१९३६३ | १०५६३ | ३५०००० | ७७७८८ | ४२७७८८ |
| १५ | रेहान ट्रेडर्स, प्रो मोहम्मद सनाउल हक | शेख हामिद अलि | शेख अब्दुल हफिज | गौर-१ | व्यापार कर्जा | ११७०६०३ | ११६२० | २५००००० | १९६७५१ | २६९६७५१ |
| १६ | रामआशिष साह तेली | जदु साह तेली | कुजन साह तेली | वसन्तपट्टि-९ | घरायसी कर्जा | ९१८८४९ | ६३३२ | ३००००० | २३८२१ | ३२३८२१ |
| १७ | सुक्रित राउत | शिवगोविन्द राउत | जुगल राउत | इनर्वा-४ | व्यापार कर्जा | ९१९२९७ | ७४४० | २००००० | १०७१८ | २१०७१८ |
| १८ | जदोलाल राय यादव | रामलखन राय यादव | धनई राय यादव | विमानपुर-९ | सरल कृषि कर्जा | ९१८५५२ | ८८८९ | ५००००० | ३०४०२ | ५३०४०२ |
| १९ | दिनेश राउत कुर्मी | हृदय राउत | रामजी राउत | करुनिया-५ | व्यापार कर्जा | ९१९६३० | १०७८२ | २००००० | १२७८३ | २१२७८३ |
| २० | वीरेन्द्र यादव | रामअयोध्या राय यादव | भिखर राय यादव | सखुअवा-६ | घरायसी कर्जा | ९१९४८९ | १०६८० | ४००००० | २८२६१ | ४२८२६१ |
| २१ | विनोद बैठा धोबी | राधा बैठा धोबी | लखन बैठा धोबी | इनर्वा-६ | सरल कृषि कर्जा | १७७०६४९ | ११९०८ | ९०००० | ३१९०४ | १२१९०४ |
| २२ | जयानन्द ठाकुर | काशीकान्त ठाकुर | शक्तिनाथ ठाकुर | गौर-२ | कर्मचारी सेवा कर्जा | १८२८१९८ | ११९४७ | १०००००० | ३५८७९ | १०३५८७९ |
| २३ | आकाश राइस मिल, प्रो सतेन्द्रप्रसाद पटेल | अमिरका प्रसाद | देवीलाल प्रसाद | इनर्वा-१ | उद्योग स. कर्जा | १५८११०० | ७८९७ | ६००००० | १७३५९ | ६१७३५९ |
| २४ | रामअयोध्याप्रसाद यादव | भिखारी राय यादव | सिघेश्वर राय यादव | गौर-१२ | घरायसी कर्जा | १५०४०७१ | ११७८४ | ८००००० | ४४५१५ | ८४४५१५ |
| २५ | नथुनी महतो कोइरी | विलास महतो कोइरी | मुखा महतो कोइरी | इनर्वा-७ | सरल कृषि कर्जा | १२९६९४२ | ११७२३ | ५००००० | १७२०० | ५१७२०० |
| २६ | सदाम किराना तथा गल्ला भण्डार, प्रो नेयाज | समसुद्दीन | महमद हदिस | गौर-१ | व्यापार कर्जा | १३३९३७१ | ११७६८ | ८००००० | ३३३७५ | ८३३३७५ |
| २७ | सोनेलाल पण्डित | रामवृक्ष पण्डित | नथुनी पण्डित | झुनखुनवा-१ | सरल कृषि कर्जा | १५११५३७ | ११७८६ | ५००००० | १९१९७ | ५१९१९७ |
| २८ | दिनबन्धु सिंह | बच्चा सिंह | अनेग सिंह | ब्रह्मपुरी-५ | घरायसी कर्जा | १२८५१७७ | ११७०८ | ४००००० | ५०८१३ | ४५०८१३ |
| २९ | नेपाल मनी ट्रान्सफर, प्रो मो. हैदर अलि | शेख अलाउद्दीन | शेख हनिफ | गौर-८ | व्यापार कर्जा | १२३२८४७ | ११६९० | १०००००० | ३३४२३ | १०३३४२३ |
| ३० | सुवंश पाण्डे | लखन पाण्डे | उदित पाण्डे | गौर-७ | घरायसी कर्जा | १२२११९६ | ११६८२ | १०००००० | ३७१०० | १०३७१०० |
| ३१ | रौशन कृषि फर्म, प्रो वीरेन्द्र साह | भिखर साह | पल्टन साह | माधोपुर-२ | हायरपर्चेज कर्जा | १२०२४६१ | ११६३३ | २०४२३८० | १४१३८४ | २१८३७६४ |
| ३२ | कृष्ण साह बनिया | दशरथ साह | झाकर साह बनिया | राजपुर-१ | सरल कृषि कर्जा | १२३७७७७ | ११६९२ | ७००००० | २२७२३ | ७२२७२३ |
| ३३ | आशा देवी | जोदन साह | रामआश्रे पाण्डेय | भलोहिया-३ | व्यापार कर्जा | ९१९३१२ | ५७१२ | २००००० | २८६१७ | २२८६१७ |
| ३४ | सैनुल मियाँ तेली | अरमान मियाँ तेली | सदिक मियाँ तेली | अकोलवा-९ | घरायसी कर्जा | ९१९४४५ | २५५९ | ३००००० | ५४५७१ | ३५४५७१ |
| ३५ | सदाम कृषि फर्म, प्रो मोलीम मियाँ कवारी | मजिद मियाँ | करिम मियाँ | झुनखुनवा-५ | हायरपर्चेज कर्जा | १३१८४९१ | ११७५५ | १३१६५४१ | ८४४९१ | १४०१०३२ |
| ३६ | रितिका पोल्ट्री फर्म, प्रो पूजाकुमारी गुप्ता | राजेशकुमार साह | तेजनारायण साह | हजमिनिया-५ | कुखुरापालन कर्जा | १५६२४८७ | ११८३९ | ३०००००० | २७१५२२ | ३२७१५२२ |
| ३७ | हाजी समिल, प्रो मो. अबास | शेख लफाकत | शेख सदिक | गौर-१० | उद्योग स. कर्जा | १२४९९२५ | ११५०४ | ३५००००० | १०६४८९३ | ४५६४८९३ |
| | | | | | | कुल जम्मा | | २७६३३९२१ | २८९२२९१ | ३०५२६२१२ |

**कृषि विकास बैंक लि.**, प्रादेशिक कार्यालय, वीरगंज

# भारतीय सेनाद्वारा नेपाली सेनालाई वर्कशप ट्रक हस्तान्तरण

प्रस, वीरगंज, ९ मङ्सिर/

भारतका रक्षा सहचरी कर्णेल अमित शर्माले भारतीय सेनाको तर्फबाट नेपाली सेनालाई बिहीवार टाटा एलपिटिए १६२८ वर्कशप ट्रकहरू हस्तान्तरण गरेका छन्।

बिहीवार टुँडिखेलस्थित नेपाली सेनाको मुख्यालयमा आयोजित कार्यक्रममा भारतीय रक्षा सहचरी कर्णेल शर्माले नेपाली सेनाका सहायक रथी कृष्णदेव भट्टलाई उक्त वर्कशप ट्रक हस्तान्तरण गरेका हुन् । हस्तान्तरण कार्यक्रममा भारतीय रक्षा सहचरी शर्माले कम्प्याक्ट मोबाइल वर्कशपको रूपमा काम गर्ने वर्कशप ट्रकहरूले नेपाली सेनाको सवारीसाधनको सहज र निर्बाध कार्यक्षमता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

नेपालका प्रधानसेनापति प्रभुराम शर्माले हालै भारतका राष्ट्रपतिबाट भारतीय सेनाको मानार्थ महारथीको सम्मान ग्रहण गरी फर्केपछि यो वर्कशप ट्रक उपहारस्वरूप भारतीय सेनाले नेपाली सेनालाई प्रदान गरेको हो । भारतीय राजदूतावासले भारत सरकारको तर्फबाट भारतीय सेनाले नेपाली सेनालाई अझ सशक्त र आधुनिक बनाउन निरन्तर सहयोग गर्ने जनाएको छ ।



तस्वीर सौजन्यः भारतीय राजदूतावास

# श्रीमद्भागवत पितृमुक्ति महायज्ञको उदघाटन

चिरञ्जीवी सापकोटा, ठोरी, ९ मङ्सिर/

ठोरीलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउन र बहुद्देश्यीय मुक्तिधाम निर्माणको लागि बिहीवारदेखि श्रीमद्भागवत महापुराण पितृमुक्ति महायज्ञ शुरू भएको छ ।

ठुटेखोला पुलको उत्तरपट्टि तथा परेवा भीरको पश्चिमपट्टि आयोजना गरिएको महायज्ञको लागि कलशयात्रा निकालिएको थियो । कार्यक्रमका प्रमुख अतिथि कथावाचक प्रवीण दीनबन्धु पोखरेलले अखण्ड महादीप प्रज्वलन गरी महायज्ञको उद्घाटन गरे ।

उनले ठोरीसँग भगवान् श्रीरामको नाम जोडिएको हुँदा यसलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नुपर्ने बताए ।

चिताघाट निर्माण, गुरुकुल सञ्चालन, वृद्धाश्रमलगायत निर्माण उद्देश्यका साथ महायज्ञ आयोजना गरिएको हो । महायज्ञमा ठोरीवासीलाई पितृमुक्तिको लागि आआफ्नो नाम उच्चारण गराइ पितृमोक्ष गराउन समितिका अध्यक्ष रामबहादुर खड्काले अनुरोध गरे ।

कार्यक्रममा वडाध्यक्ष किशोर तामाङ, सामाजिक अगुवा, सुरक्षाकर्मी, सामुदायिक विद्यालयका विद्यार्थीहरूको सहभागिता थियो । आजदेखि शुरू भएको महायज्ञ मङ्सिर १६ गतेसम्म सञ्चालन हुने आयोजक समितिका महासचिव प्रकाश खनालले जानकारी गराए ।


ठोरीमा महायज्ञको उद्घाटन कार्यक्रममा सहभागीहरू । तस्वीरः प्रतीक






# लोसपाको जिल्ला अध्यक्षमा झा चयन

प्रस, वीरगंज, ९ मङ्सिर/

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, पर्साको भेला बिहीवार वीरगंजमा सम्पन्न भएको छ ।

भेलाले जिल्ला अध्यक्ष पुरुषोत्तमलाल झाको नेतृत्वमा ७५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको छ ।

पुनर्गठित जिल्ला कार्यसमितिको वरिष्ठ उपाध्यक्ष सन्तोष तिवारी, उपाध्यक्ष सकल हजरा, जयशङ्कर गुप्ता, देवानन्द यादव, मुस्तकिम अन्सारी, सुजित गिरी, श्रीराम गिरी, सचिव राजेश साह, राजनारायण मिश्र, सहसचिव राजेन्द्र यादव, सुधीर पाण्डे र कोषाध्यक्षमा उषा श्रीवास्तव, सदानन्दलाल दासलगायत छन् ।

# खेलकूदको संसार

## तेस्रो मेयर कप क्रिकेट प्रतियोगिता

## छिपहरमाई र कालिकामाई विजयी

प्रस, पोखरिया, ९ मङ्सिर/

पोखरिया युवा समाजद्वारा सञ्चालित तेस्रो मेयर कप क्रिकेट प्रतियोगितामा बिहीवार छिपहरमाई गापा र कालिकामाई गापा विजयी भएका छन्। पोखरिया नपा वडा नं ६ स्थित शेरा फिल्ड मैदानमा आयोजित प्रतियोगिता अन्तर्गत आज भएको पहिलो खेलमा छिपहरमाई गापाले जगरनाथपुर गापालाई हराएको हो । टस जिती पहिले ब्याटिङ रोजेको छिपहरमाई गापाले निर्धारित १६ ओभरको खेलमा १४ ओभर खेल्दै ७ विकेटको क्षतिमा ८० रन बनाएको थियो भने जगरनाथपुरले पूरै ओभर खेल्दै ७९ रनमा सम्पूर्ण विकेट गुमाएपछि खेल छिपहरमाईले एक रनअन्तरले जितेको हो। उक्त खेलको 'म्यान अफ दी म्याच' छिपहरमाईका प्रह्लाद कुमार घोषित भए ।

त्यसैगरी, दोस्रो खेल कालिकामाई गापा र बहुदरमाई नपाबीच भएको थियो। जसमा कालिकामाईले विजयी हासिल गरेको छ। टस जिती पहिले ब्याटिङ रोजेको कालिकामाईले निर्धारित १६ ओभरको खेलमा पाँच विकेट गुमाइ १६६ रन बनाएकोमा जवाफी ब्याटिङ गरेको बहुदरमाई नपाले १३ ओभर ५ बल खेल्दै ८१ रन मात्र बनाउन सक्यो। उक्त खेलको 'म्यान अफ दी म्याच' कालिकामाईका जावेद आलम घोषित भएको आयोजक संस्थाका सदस्य राकेश महतोले बताए ।

## विश्वकप एशिया छनोट : नेपालद्वारा कुवेत पराजित

काठमाडौं, ९ मङ्सिर/रासस

आइसिसी महिला टी–ट्वान्टी विश्वकप एशिया क्षेत्र छनोट खेल अन्तर्गत बिहीवार भएको तेस्रो कुवेतविरुद्धको खेलमा नेपालले विजयी हासिल गरेको छ ।

संयुत अरब इमिरेट्स (युएई)को आइसिसी एकेडेमी ग्राउन्डमा भएको खेलमा नेपालले कुवेतलाई ९ विकेटले पराजित गर्दै लगातार दोस्रो जीत हात पाऱ्यो। यसअघि भएको दोस्रो खेलमा नेपालले भुटानलाई ८ विकेटले पराजित गरेको थियो।

त्यस्तै, नेपाल पहिलो खेलमा भने हङकङसँग ६ विकेटले पराजित भएको थियो । कुवेतले दिएको २८ रनको लक्ष्य नेपालले ३ दशमलब ३ ओभरमा केवल एक विकेट गुमाएर पूरा गऱ्यो ।

नेपालको जीतमा इन्दु बर्माले १३ रन जोडिन् भने कप्तान रूविना क्षेत्रीले १२ रन जोडिन्। कुवेतका लागि एकमात्र विकेट मारिया जस्वीले हात पारिन् ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कुवेत १५ दशमलब ४ ओभरमा सबै विकेट गुमाउँदै जम्मा २७ रन जोडेको थियो । कुवेतका लागि प्रियादा मुरालीले सर्वाधिक १० रन जोड्दा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

कुवेतलाई सस्तैमा समेट्ने क्रममा नेपालकी सङ्गीता राई र कप्तान रूविना क्षेत्रीले समान तीन/तीन विकेट हात पारे भने करुणा भण्डारी र सरस्वतीकुमारी चौधरीले एक/एक विकेट लिए ।

कुवेत भने अघिल्ला दुवै खेलमा पराजित भएको थियो। कुवेत भुटानसँग ४० रन तथा मलेशियासँग ८१ रनले पराजित भएको थियो। नेपालले अब भोलि मलेशियासँग खेल्नेछ ।

# मूल्यवृद्धिविरुद्ध अखिल क्रान्तिकारीद्वारा प्रदर्शन


घण्टाघरमा भएको विरोधसभा । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ९ मङ्सिर/

सत्तारूढ नेकपा माओवादी केन्द्रको विद्यार्थी सङ्गठन अखिल क्रान्तिकारी, पर्साले वीरगंजमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध बिहीवार प्रदर्शन गरेको छ ।

माईस्थानबाट मोटरसाइकल डोऱ्याएर घण्टाघर पुगी विरोधसभा गरिएको थियो । क्रान्तिकारी, पर्साका अध्यक्ष कविराज पटेलको अध्यक्षतामा भएको विरोधसभामा अखिल क्रान्तिकारीका पूर्वसदस्य जुबेर आलमले संयुक्त सरकारमा माओवादी केन्द्रको सहभागिता भएपनि मूल्यवृद्धि कुनै पनि अवस्थामा स्वीकार्य नहुने बताए । उनले लगातार पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइरहेको र यसबाट जनतालाई ठूलो मर्का परेको भन्दै मूल्यवृद्धि फिर्ता लिन सरकारसँग माग गरे । उनले मूल्यवृद्धि फिर्ता नलिएको खण्डमा अखिल क्रान्तिकारी, पर्साले सशक्त आन्दोलन गर्ने चेतावनी दिए। विरोधसभामा विवेक साह, मिर्जा आलम, अन्सार अलिलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# कम्प्युटर कक्ष उद्घाटन, साइकल वितरण

प्रस, ठोरी, ९ मङ्सिर/

नेरा आधारभूत विद्यालय निर्मलबस्तीमा कम्प्युटर कक्ष उद्घाटन तथा साइकल वितरण कार्यक्रम सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

प्रधानाध्यापक गोपीलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा गापा अध्यक्ष पद्मलाल श्रेष्ठले कम्प्युटर कक्षको उद्घाटन गर्दै शिक्षा क्षेत्रमा उल्लेखनीय कार्य गरेको बताए ।

शिशुदेखि तीन कक्षासम्म अङ्ग्रेजी माध्यमबाट पढाइ, टोलटोलमा ट्युशन कक्षा, शून्य दरबन्दी भएको आधारभूत विद्यालयहरूमा दुईजनाको दरले निमावि तहका शिक्षकको व्यवस्था, सामुदायिक विद्यालयहरूमा एक/एक जना बाल कक्षा सहयोगी नियुक्ति गरी शिक्षाको स्तर उकास्न आफू लागिपरेको बताए ।

उनले सामुदायिक विद्यालयहरूमा शौचालय निर्माण, भवन निर्माण, कम्पाउन्ड वाल निर्माण, मरम्मत कार्य गरेको बताए ।

कार्यक्रममा वडाध्यक्ष बईबहादुर तामाङ, विव्यसका अध्यक्ष सुप्पालाल थिङ, लक्कलाल गोले, शिक्षक अभिभावक सङ्घका अध्यक्ष बुद्धिलाल गोले, समाजसेवी भक्तबहादुर श्रेष्ठलगायतको सहभागिता थियो ।

यसैगरी, आज प्रदेश २ सरकारको बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गत विद्यालयका छात्राहरूलाई साइकल वितरण गरिएको थियो ।

कार्यक्रममा जसपाका केन्द्रीय सदस्य वीरेन्द्र यादव, जिल्ला उपाध्यक्ष जरी लामा, सदस्य कृष्णमोहन यादवलगायतको सहभागिता थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## हार्दिक बधाई


डा सुबोधकुमार गुप्ता

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासङ्घका कार्यकारिणी सदस्य **डा सुबोधकुमार गुप्ताज्यू** "नेपाल–युएई बिजनेस काउन्सिल"को द्वितीय उपाध्यक्ष चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

**अनिलकुमार अग्रवाल**
वरिष्ठ उपाध्यक्ष एवं
**वीरगंज उद्योग वाणिज्य सङ्घ परिवार**



**राष्ट्रिय जनगणना २०७८**
**मेरो गणना-मेरो सहभागिता**

राष्ट्रिय जनगणनामा परिवारमूलीको नाम लेखाउँदा अक्सर घरको व्यवहार गर्ने तथा परिवारमा आइपरेको निर्णय जसले गर्छन्, उहाँलाई लेखाऔं । महिलाले घर व्यवहार सञ्चालन गर्ने गरेको भए परिवारमूली महिला नै हुन्छन् ।

गणना गर्ने अवधिः
कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म

नेपाल सरकार
**विज्ञापन बोर्ड**